**आशयपत्र माग सम्वन्धमा**
**सिरहा नगरकार्यपालिकाको कार्यालय**
सिरहा
**प्रकाशित मिति :२०७६।०२।३२गते शनिवार**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीचभएको सम्झौता अनुसारश्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस सिरहा जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि आप्रवासी श्रोत केन्द्र ( सूचना तथा परामर्श केन्द) सञ्चालन गर्ने तथा सिरहा नगरपालिका,लहान नगरपालिका, सुखिपुर नगरपालिका र अर्नमा गाउँपालिकामा समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन कार्यक्रम(Safer Migration Program)का लागि आवश्यक परामर्श सेवाउपलब्ध गराउन ईच्छुक नेपालको प्रचलित नियमानुसार यस जिल्लामा दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्थाएवं कम्पनिहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशयपत्र आहवान गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको पन्ध्र (१५)दिन भित्रमा तर अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयमा सिरहा नगरकार्यपालिकाको कार्यालय, सिरहामा आईपुग्ने गरी निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, सुचीकरणको आधार एवं अन्य थप आवश्यक कुराहरु सिरहा नगरपालिकाको वेभ साईटमा (sirahamun.gov.np)र(lahanmun.gov.np), (sukhipurmun.gov.np), (anarmamun.gov.np) मा राखिएको छ ।

(१) आशय–पत्र दाताको योग्यता :
 (क) अनुभव :कम्तिमा पाँच बर्ष अगाडी दर्ता भई कार्यक्रम सञ्चालन गरेको ।
 (ख) प्रस्तावित कार्यसँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

(२) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय :कम्तिमा तीन बर्ष परामर्श सेवाप्रदान गर्नुपर्नेछ ।

(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्थावा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्तावना माग गरिनेछ ।

(४) आशय–पत्रदाताले आशय–पत्र साथ आशय–पत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(५) आशय–पत्र पेश गर्ने स्थान:सिरहा नगरकार्यपालिकाको कार्यालय,सिरहा

(६) आशय–पत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाहि गरिने छैन ।

(७) सुरक्षित आप्रवासन सम्बन्धि सम्पुर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ ।

(८) यो सेवाप्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्थासंग उप सम्झौता(sub contract)गर्न पाईनेछैन । तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जालसंग उप सम्झौता गर्न यो बुदाँले वाधा पुर्याउने छैन।

(९) आवश्यक थप जानकारीका लागि सम्पर्क गर्ने ठेगाना र सम्पर्क व्यक्ति :कर्मचारी प्रशासन शाखा, सिरहा नगरकार्यपालिकाको कार्यालय, सिरहा ईमेल:sirahamun2053@gmail.com